प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक सत्र २०८२/०८३ मा प्रि-डिप्लोमा तहका विभिन्न कार्यक्रमहरूका लागि वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा Online आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरूरी सूचना !

**(सूचना प्रकाशित मिति २०८२।०३।२२ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प.नि.का.बाट सञ्चालन गरिने प्रि-डिप्लोमा तहका विभिन्न शैक्षिक कार्यक्रमहरूमा **सरकारी वा सामुदायिक विद्यालयबाट एस.एल.सी./एस.इ.ई उत्तीर्ण** गरेका आवेदकहरूबाट शैक्षिक सत्र २०८२/०८३ मा "प्रि-डिप्लोमा तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८२" बमोजिम परिषद्बाट सञ्चालन सम्बन्धन/स्वीकृति प्राप्त आङ्गिक, साझेदारी, टेक्स तथा निजी शिक्षालयहरूमा निर्धारण गरिएका वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा भर्नाका लागि देहायका कार्यक्रमहरूमा तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट २०८२ साउन ११ गतेभित्र परीक्षा नियन्त्रण कार्यालयको ITMS Online मा रीतपूर्वक Online आवेदन फाराम भर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। न्यूनतम योग्यता पुगेका आवेदकहरूले Online बाट आवेदन फाराम शुल्क बुझाई अध्ययन गर्ने कार्यक्रम, प्रदेश, शिक्षालयहरू प्राथमिकीकरण गरी आफू पर्ने वर्गको कोटा समेत छनोट गरी Online Application Form Submit गर्नुपर्नेछ।
वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा नेपाली नागरिकले कुनै एक प्रदेशको कार्यक्रमका लागि Online Application Form भर्न सक्नेछन् तर प्रतिस्पर्धा सोही प्रदेश स्तरमा मात्र हुनेछ र योग्यता क्रम सूची प्रकाशन तथा भर्ना सिफारिस समेत सोही बमोजिम हुनेछ।

**तपसिल**

१. **वर्गीकृत (निःशुल्क) छात्रवृत्ति सम्बन्धी जानकारी :**
नेपाली नागरिकलाई परिषद्का आङ्गिक, साझेदार, टेक्स तथा निजी स्तरमा सञ्चालित शिक्षालयहरूमा प्रि-डिप्लोमा तहमा स्वीकृत कोटाको आधारमा प्रत्येक शैक्षिक कार्यक्रममा देहाय बमोजिमको कोटा सङ्ख्यामा छात्रवृत्ति प्रदान गरिनेछ।

**तपसिल**

| छात्रवृत्तिको विवरण | २० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४८ स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा |
|---|---|---|---|---|
| वर्गीकृत (निःशुल्क) | १ | २ | ३ | ४ |

परिषद्को स्तर निर्धारण महाशाखा, प्राविधिक महाशाखा र टेक्स महाशाखाबाट सम्बन्धन/स्वीकृत प्राप्त शिक्षालयहरूको विवरण अनुसार कायम हुन आउने कार्यक्रमहरूमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाहरू निम्न बमोजिम रहेका छन्।

| क्र.सं. | कार्यक्रम | प्रदेश | | | | | | | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प. | |
| १ | एग्रिकल्चर (प्लान्ट साइन्स) | १८ | १८ | ३९ | ६६ | ५१ | ४२ | ७५ | ३०९ |
| २ | लाइभस्टक प्रडक्सन/एनिमल हेल्थ | १८ | ३० | ६० | ३० | २१ | २१ | २७ | २०७ |
| ३ | भेटेरिनरी साइन्स | | ३ | | | २४ | १५ | १८ | ६० |
| ४ | सिभिल इन्जिनियरिङ | ४२ | ५१ | ३९ | २७ | ६३ | ३० | ३९ | २९१ |
| ५ | इलेक्ट्रिकल इन्जिनियरिङ | १२ | २७ | १८ | ९ | २७ | ६ | ६ | १०५ |
| ६ | इलेक्ट्रोनिक्स इन्जिनियरिङ | | | | | ३ | | | ३ |
| ७ | सर्भे इञ्जिनियरिङ | १२ | १८ | ६ | ३ | २४ | ३ | १२ | ७८ |
| ८ | कम्प्युटर इन्जिनियरिङ | २४ | ३६ | ९ | ६ | २१ | ६ | ६ | १०८ |
| ९ | मेकानिकल इन्जिनियरिङ | | २ | ३ | | ९ | | | १४ |
| १० | अटोमोवाइल इन्जिनियरिङ | | | ४ | ३ | ११ | | | १८ |
| ११ | रेफ्रिजिरेसन एन्ड एयरकन्डिसनिङ इन्जिनियरिङ | | | | | ३ | | | ३ |
| १२ | होटल मेनेजमेन्ट | | | | ५ | | | | ५ |
| १३ | कुलिनरी आर्ट | | | | २ | | | | २ |
| १४ | सोसल मोबिलाइजेसन | | | ३ | ३ | | | | ६ |
| १५ | उद्यमशीलता विकास | | | | | | | ३ | ३ |
| १६ | कम्प्युटर एप्लिकेसन एन्ड सेक्रेटरियल मेनेजमेन्ट | | | | | ३ | | | ३ |
| १७ | **जम्मा** | १२६ | १८५ | १८१ | १५४ | २६० | १२३ | १८६ | १२१५ |

**नोट : कुनै शिक्षण संस्थामा पूर्ण शुल्कीय कार्यक्रम सञ्चालन हुन नसकेमा माथि उल्लिखित कोटा सङ्ख्या घट्न जाने र थप शिक्षण संस्थाका कार्यक्रम स्वीकृत भई आएमा माथि उल्लिखित कोटा बढ्न सक्नेछ।**

परिषद् अन्तर्गत प्रत्येक शिक्षालयहरूमा शैक्षिक सत्र २०८१/०८२ का लागि कार्यक्रम सञ्चालन गर्न सम्बन्धन स्वीकृत पाएका प्रत्येक शैक्षिक कार्यक्रममा न्यूनतम योग्यता पुगेका नेपाली नागरिकलाई भर्ना सम्बन्धी निर्देशिकाको दफा ७(२.१) क अनुसार निर्धारित कुल सङ्ख्यालाई १०० प्रतिशत कायम गरी उक्त सङ्ख्यालाई ५०-५० प्रतिशतमा साधारण र लक्षित वर्ग गरी दुई समूहमा विभाजन गरी दफा ७(२.१) क (आ) मा उल्लेख भए बमोजिमको सङ्ख्यामा निःशुल्क छात्रवृत्ति प्रदान गरिनेछ।

**(क)** **साधारण समूह** : साधारण समूहका लागि कायम गरिएको सिट सङ्ख्यालाई शत प्रतिशत कायम गरी योग्यता पुगेका नेपाली नागरिकहरूलाई निःशुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरिनेछ।

**(ख)** **लक्षित वर्ग समूह** : तोकिए बमोजिमको योग्यता पुगेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरूलाई उल्लेख भए बमोजिमको प्रतिशतलाई शत प्रतिशत कायम गरी निम्न बमोजिमको आरक्षित गरिएको प्रतिशतमा कार्यक्रम अनुसारको सिट सङ्ख्यामा निःशुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरिनेछ।

**आरक्षित गरिएको लक्षित वर्ग र आरक्षित प्रतिशत :**

| क्र.सं. | लक्षित वर्ग | | आरक्षित प्रतिशत |
|---|---|---|---|
| १. | **महिला** | २८ | ३३ |
| | क. दलित समुदायका महिला | ३ | |
| | ख. मुस्लिम समुदायका महिला | २ | |
| २. | दलित | | ९ |
| ३. | आदिवासी जनजाति | | १५ |
| ४. | खस आर्य | | १७ |
| ५. | **मधेशी** | ९ | १२ |
| | क. मधेशी दलित | ३ | |
| ६. | थारू | | ४ |
| ७. | मुस्लिम | | २ |
| ८. | पिछडिएको क्षेत्रका व्यक्ति | | ४ |
| ९. | अपाङ्गता भएको व्यक्ति | | २ |
| १०. | शहीदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित | | २ |

(अ) यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिने छैन। यदि कुनै शिक्षण संस्थाको कार्यक्रममा न्यून सङ्ख्यामा पूर्ण शुल्कीयमा आवेदन परी कार्यक्रम सञ्चालन नहुने भएमा शिक्षण संस्थाले सोको जानकारी सम्बन्धित परिषद्, प्रदेश कार्यालयलाई अनिवार्य रूपमा गराउनुपर्नेछ।

(आ) परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात् नेपाल सरकारले चाहेमा तोकिएको समयसम्म खटाएको स्थानमा गई सेवा गर्नुपर्नेछ। सोका लागि आवेदन फाराममा उल्लिखित कबुलियतनामा गर्नुपर्नेछ।

(इ) कुनै पनि परीक्षार्थीले यस निर्देशिका बमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद् वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरूमध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ।

(ई) छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरू पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा परिषद्, प.नि.का. ले रजिस्ट्रेसन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कारबाहीका लागि सिफारिस गर्नेछ। त्यस्ता परीक्षार्थीलाई परिषद्बाट सञ्चालन हुने कुनै पनि किसिमको परीक्षामा ५ वर्षसम्म समावेश गराइने छैन।

(उ) छात्रवृत्तिमा सिफारिस भई भर्ना भएका परीक्षार्थीहरूसँग शिक्षालयले निर्देशिकाको दफा ७ (२) (छ) बमोजिम प्रशिक्षण, प्रयोगात्मक, रजिस्ट्रेसन, नियमित परीक्षा आवेदन, पुस्तकालय, प्रयोगात्मक स्थल सम्मको यातायात शुल्क लगायतका कुनै पनि शुल्क लिन पाइने छैन। तर अध्ययन अवधिभर खान बस्न, पोशाक र आवश्यक स्टेसनरीको व्यवस्था परीक्षार्थी आफैँले गर्नुपर्नेछ।

(ऊ) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका परीक्षार्थीले पछि कार्यक्रम परिवर्तन गर्न पाइने छैन।

२. **प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता**

| क्र.सं. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | प्रि-डिप्लोमा इन एग्रिकल्चर (प्लान्ट साइन्स) | **अक्षराङ्कन पद्धति लागू हुनु पूर्व:** मान्यता प्राप्त शिक्षण संस्थाबाट एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण<br>**वा**<br>**अक्षराङ्कन पद्धति लागू भए पश्चात्** : एस.ई.ई का सम्पूर्ण विषयको परीक्षामा समावेश भई न्यूनतम ई ग्रेड वा सो सरह वा ग्रेड सिट प्राप्त।<br>**वा**<br>प्रि-डिप्लोमा तहका कार्यक्रममा अध्ययन गर्नका लागि आवेदकले एस.ई.ई.वा सो सरहको परीक्षाका सम्पूर्ण विषयको परीक्षामा समावेस भएको हुनुपर्नेछ। एस.ई.ई. परीक्षाको नतिजामा Non Graded (NG) लागेका विद्यार्थीहरू समेत यो तहको कार्यक्रममा सहभागी हुन सक्नेछन्। |
| २. | प्रि-डिप्लोमा इन लाइभस्टक प्रडक्सन/एनिमल हेल्थ | |
| ३. | प्रि-डिप्लोमा इन भेटेरिनरी साइन्स | |
| ४. | प्रि-डिप्लोमा इन सिभिल इन्जिनियरिङ | |
| ५. | प्रि-डिप्लोमा इन इलेक्ट्रिकल इन्जिनियरिङ | |
| ६. | प्रि-डिप्लोमा इन इलेक्ट्रोनिक्स इन्जिनियरिङ | |
| ७. | प्रि-डिप्लोमा इन वाटर सप्लाई एन्ड सानिटरी इन्जिनियरिङ | |
| ८. | प्रि-डिप्लोमा इन सर्भे इन्जिनियरिङ | |
| ९. | प्रि-डिप्लोमा इन कम्प्युटर इन्जिनियरिङ | |
| १०. | प्रि-डिप्लोमा इन मेकानिकल इन्जिनियरिङ | |
| ११. | प्रि-डिप्लोमा इन अटोमोवाइल इन्जिनियरिङ | |
| १२. | प्रि-डिप्लोमा इन रेफ्रिजेरेसन एन्ड एयरकन्डिसनिङ इन्जिनियरिङ | |
| १३. | प्रि-डिप्लोमा इन होटल मेनेजमेण्ट | |
| १४. | प्रि-डिप्लोमा इन कुलिनरी आर्ट | |
| १५. | प्रि-डिप्लोमा इन इन्टरप्रेनरसिप डेभलपमेन्ट | |
| १६. | प्रि-डिप्लोमा इन सोसल मोबिलाइजेसन | |
| १७. | प्रि-डिप्लोमा इन कम्प्युटर एप्लिकेसन एन्ड सेक्रेटरियल मेनेजमेन्ट | |
| १८. | प्रि-डिप्लोमा इन फरेस्ट्री | |

**नोटः माथि उल्लेख नभएका प्रि-डिप्लोमा तहका अन्य कार्यक्रमहरूको हकमा पाठ्यक्रमले निर्धारण गरे बमोजिम हुनेछ।**

३. **आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरू:**
वर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि परीक्षार्थी स्वयंले यस सूचनामा तोकिएको समय सीमाभित्र Online Application Form भर्नुपर्नेछ। तोकिएको सेवा प्रदायकबाट आवेदन फाराम Connect IPS वा Khalti wallet मार्फत शुल्क Online माध्यमबाट बुझाउनुपर्नेछ।

(क) नेपाली नागरिकता (नाबालकको हकमा जन्म दर्ता) प्रमाणपत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ख) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाणपत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ग) सरकारी वा सामुदायिक विद्यालयको हकमा सम्बन्धित पालिकाले विद्यालयको किसिम प्रमाणित गरेको पत्र, र टेक्स विद्यालयको हकमा सम्बन्धित शिक्षालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(घ) दलितको हकमा सूचीकृत भएकोमा अनुसूची ३ अनुसार र सूचीकृत नभएका फरक थरका दलितको हकमा सम्बन्धित पालिकाको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ङ) मधेशी/मुस्लिमको हकमा सम्बन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(च) आदिवासी जनजातिको हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको अनुसूची ४ अनुसारका जातिहरूले सम्बन्धित पालिकाको पत्र र सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित पालिकाको कार्यालयबाट जनजाति प्रमाणित गरिएको आदिवासी जनजाति पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(छ) खस आर्यको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ज) थारूको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(झ) पिछडिएको दुर्गम क्षेत्रको हकमा अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता र स्थायी बसोबास गरेको सम्बन्धित पालिका कार्यालयले जारी गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ञ) बेपत्ता पारिएका व्यक्ति, शहीद परिवार, घाइते र निजको परिवार जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुकभित्र भएका सबै आन्दोलनको क्रममा बेपत्ता पारिएका व्यक्ति तथा शहीद परिवार/जन-आन्दोलनका घाइते परिवार/द्वन्द्व पीडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको पत्र र नाता प्रमाणित पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ट) अपाङ्गको हकमा नेपाल सरकारको सम्बन्धित कार्यालयले जारी गरेको अपाङ्ग परिचय पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ठ) स्पष्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को १ प्रति फोटो। फोटो सच्याउन पाइने छैन।

(ड) Online आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू अनिवार्य समावेश गर्नुपर्नेछ। आवश्यक शैक्षिक प्रमाणपत्रहरू, सम्बन्धित वर्ग खुलेको कागजातहरू समावेश नगर्ने र नक्कली कागजात पेश गर्ने परीक्षार्थीहरूको आवेदन फाराम स्वतः रद्द हुनेछ ।

(ढ) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि साधारण समूह र लक्षित वर्ग समूहको लागि एउटै Online Application Form हुनेछ। सो फाराममा आफू कुन वर्गमा पर्ने हो सोही वर्गमा छनोट गर्नुपर्नेछ। लक्षित वर्ग समूहमा आवेदन फाराम भर्न योग्य आवेदक साधारण समूहमा स्वतः आवेदक हुनेछ। वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा आवेदन भर्ने आवेदकहरूले आवेदन फाराम बुझाएको प्रदेश स्तरमा मात्र प्रतिस्पर्धा हुनेछ।

४. **आवेदन फाराम भर्ने सम्बन्धी व्यवस्था :**

| | | |
|---|---|---|
| **क. आवेदन फाराम शुल्क** | : | रु. ५००।- (रु. **पाँच सय मात्र**) |
| **ख. अनलाइन आवेदन फाराम खुल्ने मिति** | : | **२०८२ असार २३ गतेदेखि** |
| **ग. अनलाइन आवेदन फाराम बन्द हुने मिति** | : | **२०८२ साउन ११ गते आइतबार राति ११:५९ बजेभित्र** |

५. **अनलाइन आवेदन फाराम Submit गर्ने सम्बन्धी जानकारी:**

(क) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको आवेदन फाराम आवेदक स्वयंले परिषद् प.नि.का.बाट तोकिएको समय सीमाभित्र Online Application Form Entry गर्नुपर्नेछ। यसरी Online Application Form भर्दा आफूले अध्ययन गर्न चाहेको कार्यक्रम, प्रदेश र वर्ग स्पष्टसँग उल्लेख गरी अध्ययन गर्न चाहेको शिक्षालय प्राथमिकीकरण गर्नुपर्नेछ।

(ख) आवेदन फाराम भर्नका लागि प.नि.का. ले तोकेको Connect IPS वा खल्तीको Direct Online बाट प्रवेश परीक्षा शुल्क रू. १,०००।- बुझाई भर्न सकिनेछ।

**Direct Online बाट शुल्क जम्मा गरी फाराम भर्ने तरिका**

(अ) वेब ब्राउजरमा www.ctevt.org.np वा www.ctevtexam.org.np टाइप गरी Enter गर्ने।
(आ) Classified Online Form मा Click गर्ने।
(इ) आफूले अध्ययन गर्न चाहेको एउटा स्तर Diploma/PCL छानी New User मा Click गर्ने।
(ई) परीक्षार्थीको नाम, थर र मोबाइल नम्बर राखी Proceed मा Click गर्ने।
(उ) शुल्क जम्मा गर्ने Pay Now मा छानी आफूले शुल्क जम्मा गर्ने कम्पनी छानी Proceed मा Click गर्ने।
(ऊ) शुल्क जम्मा गरेको भेरिफिकेसन पश्चात् आफ्नो पासवर्ड Create गर्ने र पासवर्ड Create भई सकेपछि Classified Scholarship Online Application Form Open हुन्छ र Online Application Form मा उल्लेख भएको आवश्यक विवरण भर्दै जानुपर्नेछ।

**नोट** : आवश्यक कागजात JPG फर्मेटमा Scan गरी Upload गर्ने Size ;

- पासपोर्ट साइज रंगीन फोटो (35x45mm) को Size - Minimum 8kb, Maximum 50 kb
- परीक्षार्थीको Signature को Size - Minimum 3kb, Maximum 20 kb
- आवश्यक पर्ने कागजातको Size - Minimum 80kb, Maximum 300 kb

(ग) आवेदन फारामको साथमा हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो र तोकिए अनुसारका कागजात अनिवार्य अपलोड गर्नुपर्नेछ। वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी निर्देशन निर्देशिकाको अनुसूची २ मा दिइएको छ।

(घ) तोकिए अनुसारका शुल्क, फोटो र कागजात समावेश नभएका अनलाइन आवेदन फारामहरू स्वतः रद्द हुनेछन्।

(ङ) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम आवेदक स्वयंले Online मा प्रक्रिया पूरा गरी प.नि.का.बाट स्वीकृत भएपछि तुरुन्त Online Application Acceptance Card प्रिन्ट गर्न सकिन्छ। सो प्रिन्ट गरिएको Acceptance Card शिक्षालयमा भर्ना र रजिस्ट्रेसन प्रयोजनका लागि अनिवार्य हुनाले सुरक्षित राख्नुपर्नेछ।

६. **Online आवेदन फाराम रुजु सम्बन्धमा:**

(क) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरूमा अनलाइन आवेदकहरूको न्यूनतम शैक्षिक योग्यता तथा अन्य कागजातहरू परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा अनलाइन रूजु गर्ने जिम्मेवारी सम्बन्धित परिषद्, प्रदेश कार्यालयको हुनेछ। अनलाइन फाराम भर्न सुरू भएको मितिदेखि नै सम्बन्धित प्रदेश कार्यालयले आवेदकहरूको फाराम अनिवार्य रूपमा रूजु गर्नुपर्नेछ। रूजु गर्दा केही समस्या भएमा प.नि.का.को ITMS शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ।

(ख) अनलाइन इन्ट्री गरेका आवेदकहरूको परिषद्, प्रदेश कार्यालयबाट रुजु गर्दा निर्देशिकाले तोके बमोजिमको योग्यता र कागजातहरू हेरी Accept र Reject गर्नुपर्नेछ। रुजु गर्दा केही समस्या भएमा सम्बन्धित प.नि.का.को ITMS शाखालाई तुरुन्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ। रूजु गरी Accept भए पश्चात् Application Acceptance Card Number कायम गरिनेछ र नम्बर कायम भएका आवेदकहरूलाई मात्र योग्यता क्रमको सूचीमा समावेश गरिनेछ।

(ग) सम्बन्धित परिषद्, प्रदेश कार्यालयले उपरोक्त विधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकीकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाका लागि सिफारिस गरी परिषद्, प्रदेश कार्यालय, परीक्षा नियन्त्रण कार्यालय र परिषद्को वेबसाइटमा प्रकाशन गर्नेछ।

(घ) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाहरूमा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बमोजिम मात्र भर्ना सिफारिस तथा भर्ना गर्नुपर्नेछ। अनियमित तरिकाले सिफारिस तथा भर्ना गरेको पाइएमा भर्ना सम्बन्धी निर्देशिका तथा परिषद्को ऐन, नियमावली र विनियमावली बमोजिम कारबाही हुनेछ।

७. **छनोट प्रक्रिया सम्बन्धी व्यवस्था:**
एस.ई.ई. परीक्षामा प्राप्त औसत ग्रेड प्वाइन्ट (GPA) को आधारमा हुन आउने अङ्क र सरकारी वा सामुदायिक विद्यालय, परिषद्का आङ्गिक शिक्षालयहरूबाट एस.ई.ई. वा एस.एल.सी. वा प्रि-डिप्लोमा तह उत्तीर्णलाई थप अङ्कभार बापत १ अङ्क जोडी उच्च अङ्क प्राप्त गर्ने उम्मेदवारको योग्यता क्रम सूची निर्धारण गर्नुपर्नेछ। अक्षराङ्कन पद्धति लागू हुनुभन्दा अगाडिको एस.एल.सी. परीक्षाको प्राप्ताङ्कलाई औसत ग्रेड प्वाइन्टमा रूपान्तरण गरी आवेदकको योग्यता क्रम सूची निर्धारण गर्नुपर्नेछ।

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरीकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अत्युत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

(१) एस.एल.सी./एस.ई.ई.को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई.परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अङ्ग्रेजीको Final Grade को आधारमा योग्यता क्रम प्रकाशित गरिनेछ।

(२) यसो गर्दा अङ्क बराबर भएमा पिछडिएको दुर्गम क्षेत्रबाट एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ। सो गर्दा पनि बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ।

(३) अनलाइन आवेदन फाराम भर्दा एस.ई.ई. मा अक्षराङ्कन पद्धति लागू भएपछिको हकमा गणित, विज्ञान र अङ्ग्रेजीको Grade Point Entry गर्नुपर्छ भने अक्षराङ्कन पद्धति लागू हुनुपूर्वको हकमा एस.एल.सी.का सबै विषयको प्राप्ताङ्क Entry गर्नुपर्नेछ।

(४) अक्षराङ्कन पद्धति लागू हुनुपूर्वको हकमा GPA गणना गर्न निम्न बमोजिमको सूत्र प्रयोग गरिनेछ

$$GPA = \frac{\sum(Grade\ Point \times Credit\ Hour)}{Total\ credit\ hour\ of\ the\ Grade}$$

(५) प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्नाका लागि सिफारिस गर्न परिषद्, प्रदेश कार्यालयमा देहाय बमोजिमको उप-समिति रहनेछ।

| | |
|---|---|
| क) सम्बन्धित परिषद्, प्रदेश निर्देशक | - संयोजक |
| ख) सम्बन्धित प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि | - सदस्य |
| ग) सम्बन्धित प्रदेश निर्देशकले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना | - सदस्य सचिव |

(अ) Online आवेदन फारामहरू रूजु गरी योग्यता क्रम सूची तयार गर्न उप-समितिले अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा सूचना प्रविधि हेर्ने कर्मचारी सहित बढीमा ७ जनाको कार्यटोली गठन गर्नेछ। सम्पूर्ण कार्यक्रमहरूको आवेदकहरूको योग्यता क्रम प्रकाशन गरी भर्नाका लागि शिक्षण संस्था सहितको सिफारिस सम्बन्धित परिषद्, प्रदेश कार्यालयबाट हुनेछ।

(आ) कार्यटोलीले कार्यक्रम र कोटागत रूपमा तोकिएको ढाँचामा तयार गरी योग्यता क्रम सूची यकिन गरी कार्यक्रमहरूमा भर्नाका लागि सिफारिस, उत्तीर्ण सूची र रद्द सूची सहित नतिजा प्रकाशन गर्नेछ।

(इ) परिषद्, प्रदेश कार्यालयहरूमा योग्यता क्रम प्रकाशन तथा भर्ना सिफारिसका लागि गठन हुने कार्यटोलीको काम, कर्तव्य र अधिकार भर्ना सम्बन्धी निर्देशिकाको दफा १७ मा उल्लेख भए बमोजिम हुनेछ।

७.१ **एस.ई.ई.मा अनुत्तीर्ण भएका आवेदक सम्बन्धमा:**
एस.ई.ई. परीक्षाको नतिजामा ग्रेड प्राप्त गरेका आवेदकहरूको योग्यता क्रम सूची निर्धारण गर्दा निर्देशिकाको दफा ६ (क) मा उल्लेख भए नतिजा तयार गर्नुपर्नेछ। एस.ई.ई.को नतिजामा Non Graded (NG) लागेका विद्यार्थीहरूको योग्यता क्रम सूची निर्धारण गर्दा एस.ई.ई. उत्तीर्ण गरेकाहरूको योग्यता क्रम सूचीभन्दा पछाडि राखिनेछ।

(अ) एस.ई.ई. परीक्षाको अनिवार्य गणित, विज्ञान र अङ्ग्रेजीको नतिजामा ग्रेड प्राप्त गरेका आवेदकहरूलाई प्राथमिकता दिइनेछ।

(आ)(अ) अनुसार प्राप्ताङ्क बराबर भएमा एस.ई.ई. परीक्षाको अनिवार्य गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूमध्ये कुनै दुई विषयमा Grade प्राप्त गरेका आवेदकलाई प्राथमिकता दिइनेछ।

(इ) (आ) अनुसार पनि प्राप्ताङ्क बराबर भएमा एस.ई.ई. परीक्षाको अनिवार्य गणित, विज्ञान र अङ्ग्रेजी विषयहरूमध्ये कुनै एक विषयमा Grade प्राप्त गरेका आवेदकलाई प्राथमिकता दिइनेछ।

(ई) (इ) अनुसार पनि प्राप्ताङ्क बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ।

८. **भर्ना सिफारिस, नतिजा प्रकाशन तथा भर्ना सम्बन्धमा :**

(क) योग्यता क्रम तथा शिक्षण संस्था सहितको भर्ना सिफारिस तथा नतिजा प्रकाशन सम्बन्धित परिषद्, प्रदेश कार्यालयहरूले गर्नेछन्। प्रकाशित नतिजा सम्बन्धित परिषद्, प्रदेश कार्यालयको वेबसाइटमा र प.नि.का.को वेबसाइट **www.ctevtexam.org.np** मा नतिजा राखिनेछन्। नतिजा प्रकाशन भएको १० दिन भित्रमा परीक्षार्थीहरूले Online Application Acceptance Card, Website मा प्रकाशित नतिजा विवरण, शैक्षिक योग्यताका प्रमाणपत्रहरू, नागरिकता प्रमाणपत्र/जन्म दर्ता प्रमाणपत्रहरूको सक्कल प्रति लिई सिफारिस भएको शिक्षालयमा भर्ना हुन जानुपर्नेछ।

(ख) सिट रिक्त भएको खण्डमा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरूबाट शिक्षालयहरूमा मुख्य आवेदकको रूपमा सिफारिस हुनसक्ने भएकोले सम्बन्धित परिषद्, प्रदेश कार्यालयहरूको सूचनाहरू हेर्नुहुन र सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गरिन्छ।

९. **अन्य जानकारीहरू :**

(क) परीक्षार्थीले भर्ना हुँदाका बखत पाठ्यक्रमले तोके बमोजिम अध्ययन अवधिभर सैद्धान्तिक तथा प्रयोगात्मक कक्षामा उपस्थित हुने अनुसूची ११ मा उल्लिखित स्वघोषणा गरेको कबुलियतनामा पेश गर्नुपर्नेछ।

(ख) छात्रवृत्तिको योग्यता क्रम सूचीमा रहेका विद्यार्थी पूर्ण शुल्कीय कोटामा भर्ना भई रजिस्ट्रेसन कायम भए पश्चात् छात्रवृत्ति कोटा रिक्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिने छैन।

**नोट**: यस सूचनामा समावेश हुन नसकेका भर्ना सम्बन्धी प्रावधानहरू परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का. द्वारा जारी गरिएको "प्रि-डिप्लोमा तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बमोजिम हुनेछ।

**विशेष अनुरोध**: आवेदन फाराम भर्ने विद्यार्थी, अभिभावक तथा कार्यक्रम सञ्चालन गर्ने शिक्षालयहरूले उल्लिखित निर्देशिका **www.ctevtexam.org.np** बाट डाउनलोड गरी अनिवार्य रूपमा अध्ययन गर्नुहुन सूचित एवं अनुरोध गरिन्छ। विद्यार्थीलाई प्रवेश परीक्षामा उत्तीर्ण गराई अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पूर्ण सचेत रही भर्ना प्रक्रिया मर्यादित एवं निष्पक्ष रूपमा सञ्चालन गर्न/गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ। साथै अन्य जानकारी आवश्यक परेमा परिषद्का प्रदेश कार्यालयहरू इटहरी, जनकपुर, हेटौँडा, पोखरा, दाङ, वीरेन्द्रनगर, धनगढी र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद्

# परीक्षा नियन्त्रण कार्यालय

सानोठिमी, भक्तपुरको

## शैक्षिक सत्र २०८२/०८३ मा डिप्लोमा तथा प्रमाणपत्र तहको स्वास्थ्य बाहेकका कार्यक्रमहरूका लागि वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा Online आवेदन फाराम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना !

**(सूचना प्रकाशित मिति २०८२।०३।२२ गते)**

प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् प.नि.का.बाट सञ्चालन गरिने डिप्लोमा तथा प्रमाणपत्र तहका स्वास्थ्य बाहेकका तपसिल बमोजिमका शैक्षिक कार्यक्रमहरूमा **सरकारी, सामुदायिक विद्यालयबाट एस.एल.सी/एस.ई.ई. र परिषद्का आङ्गिक शिक्षालयहरूबाट प्रि-डिप्लोमा तह उत्तीर्ण** गरेका विद्यार्थीहरूबाट शैक्षिक सत्र २०८२/०८३ मा "डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका २०८२" बमोजिम परिषद्बाट सम्बन्धन/स्वीकृति प्राप्त आङ्गिक, साझेदारी, टेक्स तथा निजी शिक्षालयहरूमा निर्धारण गरिएका वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा भर्नाका लागि देहायका कार्यक्रमहरूमा तपसिल बमोजिम योग्यता पुगेका नेपाली नागरिकहरूबाट २०८२ साउन ११ गतेभित्र परीक्षा नियन्त्रण कार्यालयको ITMS Online मा रीतपूर्वक Online आवेदन फाराम भर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ। न्यूनतम योग्यता पुगेका आवेदकहरूले Online बाट आवेदन फाराम शुल्क बुझाई अध्ययन गर्ने कार्यक्रम, प्रदेश, शिक्षालय प्राथमिकीकरण गरी आफू पर्ने वर्गको कोटा समेत छनोट गरी Online Application Form Submit गर्नुपर्नेछ।

वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटामा नेपाली नागरिकले कुनै एक प्रदेशको कार्यक्रमका लागि Online Application Form भर्न सक्नेछन् तर प्रतिस्पर्धा समेत सोही प्रदेश स्तरमा मात्र हुनेछ र योग्यता क्रम सूची प्रकाशन तथा भर्ना सिफारिस समेत सोही बमोजिम हुनेछ। **शैक्षिक सत्र २०८२/०८३ का लागि डिप्लोमा/प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फको कुनै एक कार्यक्रममा मात्र Online आवेदन फाराम भर्न पाइनेछ।**

**डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य कार्यक्रमहरूको केही दिन पछि भर्नाका लागि सूचना प्रकाशन गरिने व्यहोरा सम्बन्धित सबैमा जानकारी गराइन्छ।**

**तपसिल**

१. **वर्गीकृत (निःशुल्क) छात्रवृत्ति सम्बन्धी जानकारी:**

परिषद्का आङ्गिक, साझेदार, टेक्स तथा निजी स्तरमा सञ्चालित शिक्षालयहरूमा डिप्लोमा तथा प्रमाणपत्र तहमा भर्ना स्वीकृत कोटाको आधारमा प्रत्येक शैक्षिक कार्यक्रममा नेपाली नागरिकलाई देहाय बमोजिमको कोटा सङ्ख्यामा छात्रवृत्ति प्रदान गरिनेछ।

**तपसिल**

| छात्रवृत्तिको विवरण | २० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ३० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४० स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा | ४८ स्वीकृत कोटाको प्रत्येक शैक्षिक कार्यक्रममा |
|---|---|---|---|---|
| वर्गीकृत (निःशुल्क) | १ | २ | ३ | ४ |

परिषद् स्तर निर्धारण महाशाखा, पोलिटेक्निक महाशाखा र सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा (TECS) महाशाखाबाट सम्बन्धन/स्वीकृत प्राप्त शिक्षालयहरूको विवरण अनुसार कायम हुनआउने कार्यक्रमहरूमा वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाहरू निम्न बमोजिम रहेका छन।

| क्र.सं. | कार्यक्रम | प्रदेश | | | | | | | जम्मा सङ्ख्या |
|---|---|---|---|---|---|---|---|---|---|
| | | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सु.प | |
| १ | सिभिल इन्जिनियरिङ | १२८ | १५२ | १४४ | ९२ | १०४ | ५२ | ६३ | ७३५ |
| २ | इलेक्ट्रिकल इन्जिनियरिङ | १६ | ३२ | ३६ | १२ | १६ | | ८ | १२० |
| ३ | इलेक्ट्रोनिक्स इन्जिनियरिङ | २ | | | | | | | २ |
| ४ | इलेक्ट्रिकल एण्ड इलेक्ट्रोनिक्स इन्जिनियरिङ | ६ | ८ | ८ | | ८ | | | ३० |
| ५ | जिओमेटिक्स इन्जिनियरिङ | १६ | ३२ | ४० | ८ | ३६ | १६ | ८ | १५६ |
| ६ | आर्किटेक्चर इन्जिनियरिङ | १४ | | १६ | | ४ | | | ३४ |
| ७ | मेकानिकल इन्जिनियरिङ | ४ | ८ | १२ | | १० | | २ | ३६ |
| ८ | मेकाट्रोनिक्स इन्जिनियरिङ | | | २ | | | | | २ |
| ९ | अटोमोवाइल इन्जिनियरिङ | | | १६ | ८ | २० | | | ४४ |
| १० | ईन्फरमेशन टेक्नोलोजी (आई.टी.) | २० | १२ | २० | ८ | २४ | ४ | | ८८ |
| ११ | कम्प्यूटर इन्जिनियरिङ | ३६ | ७२ | २० | १६ | २८ | १२ | ४ | १८८ |
| १२ | रेफ एण्ड एसी इन्जिनियरिङ | | | | | ४ | | | ४ |
| १३ | सिभिल इन्जिनियरिङ (स्पेसलाइजेसन इन हाइडोपावर) | ४ | | ८ | ४ | १६ | | | ३२ |
| १४ | बायोमेडिकल इन्जिनियरिङ | | | ४ | | ४ | | | ८ |
| १५ | एग्रो इन्जिनियरिङ | | | | | | | ४ | ४ |
| १६ | एग्रिकल्चर (बाली विज्ञान) | ४५ | ४५ | ६६ | ४२ | ५४ | ३३ | २४ | ३०९ |
| १७ | एग्रिकल्चर (पशु विज्ञान) | ३० | ४६ | ४५ | ३३ | ३९ | २१ | १८ | २३२ |
| १८ | फुड एण्ड डेरी टेक्नोलोजी | ३ | ३ | ६ | | ३ | | | १५ |
| १९ | फरेस्ट्री | १२ | ६ | ९ | ६ | १८ | २१ | ६ | ७८ |
| २० | होटल म्यानेजमेन्ट | ६ | ३ | १५ | ६ | ६ | | ३ | ३९ |
| २१ | ब्युटी एन्ड कस्मेटोलोजी | | | ३ | ३ | | | | ६ |
| २२ | फेसन डिजाइन | | | ३ | | | | | ३ |
| | **जम्मा** | **३४२** | **४१९** | **४७३** | **२३८** | **३९४** | **१५९** | **१४०** | **२१६५** |

**नोट : कुनै शिक्षण संस्थामा पूर्ण शुल्कीय कार्यक्रम सञ्चालन हुन नसकेमा माथि उल्लिखित कोटा सङ्ख्या घट्न जाने र थप शिक्षण संस्थाका कार्यक्रम स्वीकृत भई आएमा माथि उल्लिखित कोटा बढ्न सक्नेछ।**

परिषद् अन्तर्गत प्रत्येक शिक्षालयहरूमा शैक्षिक सत्र २०८२/०८३ का लागि कार्यक्रम सञ्चालन गर्न सम्बन्धन स्वीकृत पाएका प्रत्येक शैक्षिक कार्यक्रममा न्यूनतम योग्यता पुगेका नेपाली नागरिकलाई भर्ना सम्बन्धी निर्देशिकाको दफा ७(२.१) क अनुसार निर्धारित कुल सङ्ख्यालाई १०० प्रतिशत कायम गरी उक्त सङ्ख्यालाई ५०-५० प्रतिशतमा साधारण र लक्षित वर्ग गरी दुई समूहमा विभाजन गरी दफा ७(२.१) क (आ) मा उल्लेख भए बमोजिमको सङ्ख्यामा निःशुल्क छात्रवृत्ति प्रदान गरिनेछ।

(क) **साधारण समूह** : साधारण समूहका लागि कायम गरिएको सिट सङ्ख्यालाई सत प्रतिशत कायम गरी योग्यता पुगेका नेपाली नागरिकहरूलाई निःशुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरिनेछ।

(ख) **लक्षित वर्ग समूह** : तोकिए बमोजिमको योग्यता पुगेका तपसिलका लक्षित वर्गका नेपाली नागरिकहरूलाई उल्लेख भए बमोजिमको प्रतिशतलाई सत प्रतिशत कायम गरी निम्न बमोजिमको आरक्षित गरिएको प्रतिशतमा प्रदेश भित्रका कार्यक्रम अनुसारको सिट सङ्ख्यामा निःशुल्क (वर्गीकृत) छात्रवृत्ति प्रदान गरिनेछ।

**आरक्षित गरिएको लक्षित बर्ग र आरक्षित प्रतिशत :**

| क्र.सं | लक्षित वर्ग | | आरक्षित प्रतिशत |
|---|---|---|---|
| १. | **महिला** | २८ | ३३ |
| | क. दलित समुदायका महिला | ३ | |
| | ख. मुस्लिम समुदायका महिला | २ | |
| २. | दलित | | ९ |
| ३. | आदिवासी जनजाति | | १५ |
| ४. | खस आर्य | | १७ |
| ५. | **मधेशी** | ९ | १२ |
| | क. मधेशी दलित | ३ | |
| ६. | थारु | | ४ |
| ७. | मुस्लिम | | २ |
| ८. | पिछडिएको क्षेत्रका व्यक्ति | | ४ |
| ९. | अपाङ्गता भएको व्यक्ति | | २ |
| १०. | सहिदका परिवार, बेपत्ता पारिएका व्यक्तिका परिवार, घाइते योद्धाहरूको परिवार र द्वन्द्व पीडित | | २ |

(अ) यदि कुनै तोकिएको कार्यक्रमको अध्यापन नहुने अवस्था आइपरेमा यस बमोजिमको छात्रवृत्ति प्रदान गरिनेछैन। यदि कुनै शिक्षण संस्थाको कार्यक्रममा न्यून सङ्ख्यामा पूर्ण शुल्कीयमा आवेदन परी कार्यक्रम सञ्चालन नहुने भएमा शिक्षण संस्थाले सोको जानकारी सम्बन्धित परिषद्, प्रदेश कार्यालयलाई अनिवार्य रूपमा गराउनुपर्नेछ।

(आ) परिषद्बाट छात्रवृत्ति प्राप्त गरी अध्ययन गर्ने विद्यार्थीले अध्ययन पश्चात् नेपाल सरकारले चाहेमा तोकिएको समयसम्म खटाएको स्थानमा गई सेवा गर्नुपर्नेछ। सोका लागि अनलाइन आवेदन फाराममा उल्लिखित कबुलियतनामा गर्नुपर्नेछ।

(इ) कुनै पनि परीक्षार्थीले यस निर्देशिका बमोजिमको शैक्षिक कार्यक्रम अध्ययनका लागि परिषद् वा अन्य सरकारी निकायबाट उपलब्ध गराइने छात्रवृत्तिहरूमध्ये निजले रोजेको एउटा मात्र छात्रवृत्ति प्राप्त गर्नेछ।

(ई) छात्रवृत्ति पाउने मनसायले नक्कली कागजपत्रहरू पेश गरी छात्रवृत्ति पाएको ठहर भएमा जुनसुकै अवस्थामा परिषद्, प.नि.का. ले रजिस्ट्रेसन खारेज गरी निज उपर प्रचलित कानून बमोजिम कारबाहीका लागि सिफारिस गर्नेछ। त्यस्ता परीक्षार्थीलाई परिषद्बाट सञ्चालन हुने कुनै पनि किसिमको परीक्षामा ५ वर्षसम्म समावेश गराइने छैन।

(उ) छात्रवृत्तिमा सिफारिस भई भर्ना भएका परीक्षार्थीहरूसँग शिक्षालयले निर्देशिकाको दफा ७ (२) (छ) बमोजिम प्रशिक्षण, प्रयोगात्मक, रजिस्ट्रेसन, नियमित परीक्षा आवेदन, पुस्तकालय, प्रयोगात्मक स्थलसम्मको यातायात शुल्क लगायतका कुनै पनि शुल्क लिन पाइने छैन। तर अध्ययन अवधीभर खान बस्न, पोशाक र आवश्यक स्टेसनरीको व्यवस्था परीक्षार्थी आफैँले गर्नुपर्नेछ।

(ऊ) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा सिफारिस भएका परीक्षार्थीले पछि कार्यक्रम परिवर्तन गर्न पाइने छैन।

२. **प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम तथा आवश्यक न्यूनतम शैक्षिक योग्यता**

(क) **अक्षराङ्कन पद्धति लागू हुनुपूर्वका प्रवेशिका परीक्षाको हकमा**

| क्र.सं. | अध्यापन गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य बाहेक सम्पूर्ण कार्यक्रमहरूका लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट अनिवार्य गणित, अङ्ग्रेजी र विज्ञान विषय लिई एस.एल.सी. वा सो सरहको परीक्षा उत्तीर्ण वा परिषद्बाट सञ्चालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको। |

(ख) **अक्षराङ्कन पद्धति लागू भए पछिको प्रवेशिका परीक्षाको हकमा**

| क्र.सं. | प्रशिक्षण गराइने शैक्षिक कार्यक्रम | आवश्यक न्यूनतम शैक्षिक योग्यता |
|---|---|---|
| १. | डिप्लोमा/प्रमाणपत्र तहका स्वास्थ्य बाहेक सम्पूर्ण कार्यक्रमहरूको लागि | मान्यता प्राप्त शिक्षण संस्थाबाट प्रवेशिका वा एस.ई.ई. परीक्षामा अनिवार्य अङ्ग्रेजी, गणित र विज्ञान विषय लिई समग्रमा न्यूनतम स्तरिकृत अङ्क ४.० मा १.६ जि.पि.ए. अथवा सो सरह वा परिषद्बाट सञ्चालन हुने कार्यक्रमसँग सम्बन्धित प्राविधिक एस.एल.सी./प्रि-डिप्लोमा तहको कुल पूर्णाङ्कमा ६८.३३ प्रतिशत अङ्क प्राप्त गरी उत्तीर्ण गरेको। |

(ग) प्राविधिक शिक्षा तथा व्यावसायिक तालीम परिषद् अन्तर्गत सञ्चालन हुने डिप्लोमा तथा प्रमाणपत्र तहका कार्यक्रमहरूमा प्रि-डिप्लोमा तह अथवा ९-१० प्राविधिक धार वा सो सरह उत्तीर्ण गरेकाहरूले आफूले अध्ययन गरेको कार्यक्रम अथवा सोही संकायको अन्य कार्यक्रममा समेत अध्ययन गर्न पाउने।

**नोटः माथि उल्लेख नभएका डिप्लोमा तथा प्रमाणपत्र तहका अन्य कार्यक्रमहरूको हकमा पाठ्यक्रमले निर्धारण गरे बमोजिम हुनेछ।**

३. **आवेदन फाराम साथ पेश गर्नुपर्ने कागजातहरू:**

वर्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि परीक्षार्थी स्वयंले यस सूचनामा तोकिएको समयसीमाभित्र Online Application Form भर्नुपर्नेछ। अनलाइन आवेदन फारामका साथ तोकिएको सेवा प्रदायकहरू Connect IPS वा Khalti wallet मार्फत शुल्क Online माध्यमबाट बुझाउनुपर्नेछ।

(क) नेपाली नागरिकता (नाबालकको हकमा जन्म दर्ता) प्रमाणपत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ख) न्यूनतम शैक्षिक योग्यता वा सो सरहको शैक्षिक प्रमाणपत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ग) सरकारी वा सामुदायिक विद्यालयको हकमा सम्बन्धित पालिकाले विद्यालयको किसिम प्रमाणित गरेको पत्र, परिषद्का आङ्गिक शिक्षालय र टेक्स विद्यालयको हकमा सम्बन्धित शिक्षालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(घ) दलितको हकमा सूचीकृत भएकोमा अनुसूची ३ अनुसार र सूचीकृत नभएका फरक थरका दलितको हकमा सम्बन्धित पालिकाको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ङ) मधेशी/मुस्लिमको हकमा सम्बन्धित पालिका/जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(च) आदिवासी जनजातिको हकमा नेपाल आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठान ऐन बमोजिम सूचीकृत भएको अनुसूची ४ अनुसारका जातिहरूले सम्बन्धित पालिकाको पत्र र सूचीकृत भएको जातिभित्र एकभन्दा बढी थरहरू भएमा सम्बन्धित पालिकाको कार्यालयबाट जनजाति प्रमाणित गरिएको आदिवासी जनजाति पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(छ) खस आर्यको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ज) थारुको हकमा सम्बन्धित पालिका कार्यालयले प्रमाणित गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(झ) पिछडिएको दूर्गम क्षेत्रको हकमा अछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा, बझाङ, बाजुरा, मुगु र हुम्ला जिल्लाबाट नै न्यूनतम शैक्षिक योग्यता प्राप्त गरेको शैक्षिक योग्यता र स्थायी बसोबास गरेको सम्बन्धित पालिका कार्यालयले जारी गरेको पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ञ) बेपत्ता पारिएका व्यक्ति, शहीद परिवार, घाइते र निजको परिवार जनआन्दोलन, जनयुद्ध, मधेश आन्दोलन लगायत मुलुकभित्र भएका सबै आन्दोलनको क्रममा वेपत्ता पारिएका व्यक्ति तथा शहीद परिवार/जन-आन्दोलनका घाइते परिवार/द्वन्द्व पीडित/विस्थापित हो भनी सम्बन्धित जिल्ला प्रशासन कार्यालयले प्रमाणित गरिदिएको पत्र र नाता प्रमाणीत पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ट) अपाङ्गको हकमा नेपाल सरकारको सम्बन्धित कार्यालयले जारी गरेको अपाङ्ग परिचय पत्रको सक्कलबाट Scan गरिएको प्रति।

(ठ) स्पस्ट मुखाकृति देखिने हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को १ प्रति फोटो। फोटो सच्याउन पाइने छैन।

(ड) Online आवेदन फाराममा पेश गर्नुपर्ने आवश्यक प्रमाणपत्रहरू अनिवार्य समावेश गर्नुपर्नेछ। आवश्यक शैक्षिक प्रमाणपत्रहरू, सम्बन्धित वर्ग खुलेको कागजातहरू समावेश नगर्ने र नक्कली कागजात पेश गर्ने परीक्षार्थीहरूको आवेदन फाराम स्वतः रद्द हुनेछ ।

(ढ) **व**र्गीकृत (निःशुल्क) छात्रवृत्तिका लागि साधारण समूह र लक्षित वर्ग समूहका लागि एउटै Online Application Form हुनेछ। सो फाराममा आफू कुन वर्गमा पर्ने हो सोही वर्गमा छनोट गर्नुपर्नेछ। लक्षित वर्ग समूहमा आवेदन फाराम भर्न योग्य आवेदक साधारण समूहमा स्वतः आवेदक हुनेछ। वर्गीकृत (निःशुल्क) छात्रवृत्तिमा आवेदन भर्ने आवेदकहरूले आवेदन फाराम बुझाएको प्रदेश स्तरमा मात्र प्रतिस्पर्धा हुनेछ।

४. **आवेदन फाराम भर्ने सम्बन्धी व्यवस्था :**

| | | |
|---|---|---|
| **क. आवेदन फाराम शुल्क** | : | रु.**१,०००।- (रु. एक हजार मात्र)** |
| **ख. अनलाइन आवेदन फाराम खुल्ने मिति** | : | **२०८२ असार २३ गतेदेखि** |
| **ग. अनलाइन आवेदन फाराम बन्द हुने मिति** | : | **२०८२ साउन ११ गते आइतवार राति ११:५९ बजेभित्र** |

५. **अनलाइन आवेदन फाराम Submit गर्ने सम्बन्धी जानकारी:**

(क) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको आवेदन फाराम आवेदक स्वयंले परिषद् प.नि.का.बाट तोकिएको समयसीमाभित्र Online Application Form Entry गर्नुपर्नेछ। यसरी Online Application Form भर्दा आफूले अध्ययन गर्न चाहेको कार्यक्रम, प्रदेश र वर्ग स्पस्टसँग उल्लेख गरी अध्ययन गर्न चाहेको शिक्षालय प्राथमिकीकरण गर्नुपर्नेछ।

(ख) आवेदन फाराम भर्नका लागि प.नि.का. ले तोकेको Connect IPS वा खल्तीको Direct Online बाट प्रवेश परीक्षा शुल्क रु. १,०००।- बुझाई भर्न सकिनेछ।

**Online बाट शुल्क जम्मा गरी फाराम भर्ने तरिका**

(अ) वेब ब्राउजरमा www.ctevt.org.np वा www.ctevtexam.org.np टाइप गरी Enter गर्ने।

(आ) Classified Online Form मा Click गर्ने।

(इ) आफूले अध्ययन गर्न चाहेको एउटा स्तर Diploma/PCL छानि New User मा Click गर्ने।

(ई) परीक्षार्थीको नाम, थर र मोबाइल नम्बर राखी Proceed मा Click गर्ने।

(उ) शुल्क जम्मा गर्ने Pay Now मा छानी आफूले शुल्क जम्मा गर्ने कम्पनी छानी Proceed मा Click गर्ने।

(ऊ) शुल्क जम्मा गरेको भेरिफिकेसन पश्चात् आफ्नो पासवर्ड Create गर्ने र पासवर्ड Create भइसकेपछि Classified Scholarship Online Application Form Open हुन्छ र Online Application Form मा उल्लेख भएको आवश्यक विवरण भर्दै जानुपर्नेछ।

**नोट** : आवश्यक कागजात JPG फर्मेटमा Scan गरी Upload गर्ने Size;

- पासपोर्ट साइजको फोटो (35x45mm) को Size - Minimum 8kb, Maximum 50 kb
- परीक्षार्थीको Signature को Size - Minimum 3kb, Maximum 20 kb
- आवश्यक पर्ने कागजातको Size - Minimum 80kb, Maximum 300 kb

(ग) आवेदन फारामको साथमा हालसालै खिचिएको पासपोर्ट साइज (35x45mm) को फोटो र तोकिए अनुसारका कागजात अनिवार्य अपलोड गर्नुपर्नेछ। बर्गीकृत (निःशुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम भर्ने सम्बन्धी निर्देशन निर्देशिकाको अनुसूची २ मा दिइएको छ।

(घ) तोकिए अनुसारका शुल्क, फोटो र कागजात समावेश नभएका अनलाइन आवेदन फारामहरू स्वतः रद्द हुनेछन्।

(ङ) वर्गीकृत (निःशुल्क) छात्रवृत्तिको अनलाइन आवेदन फाराम आवेदक स्वयंले Online मा प्रक्रिया पूरा गरी प.नि.का.बाट स्वीकृत भएपछि तुरून्त Online Application Acceptance Card प्रिन्ट गर्न सकिन्छ। सो प्रिन्ट गरिएको Acceptance Card शिक्षालयमा भर्ना र रजिस्ट्रेसन प्रयोजनका लागि अनिवार्य हुनाले सुरक्षित राख्नुपर्नेछ।

६. **Online फाराम रुजु सम्बन्धमा :**

(क) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरूमा अनलाइन आवेदकहरूको न्यूनतम शैक्षिक योग्यता तथा अन्य कागजातहरू परीक्षा नियन्त्रण कार्यालयबाट उपलब्ध गराइएको Web Based Online Intergrated Training Management System (ITMS) मा अनलाइन रूजु गर्ने जिम्मेवारी सम्बन्धित परिषद्, प्रदेश कार्यालयको हुनेछ। अनलाइन फाराम भर्न सुरु भएको मितिदेखि नै सम्बन्धित प्रदेश कार्यालयले आवेदकहरूको फाराम अनिवार्य रूपमा रुजु गर्नुपर्नेछ। रुजु गर्दा केही समस्या भएमा प.नि.का.को ITMS शाखालाई तुरून्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ।

(ख) अनलाइन इन्ट्री गरेका आवेदकहरूको परिषद्, प्रदेश कार्यालयबाट रुजु गर्दा निर्देशिकाले तोके बमोजिमको योग्यता र कागजातहरू हेरी Accept र Reject गर्नुपर्नेछ। रुजु गर्दा केही समस्या भएमा सम्बन्धित प.नि.का.को ITMS शाखालाई तुरून्त जानकारी गराई समस्या समाधान गर्नुपर्नेछ। रुजु गरी Accept भए पश्चात् Application Acceptance Card Number कायम गरिनेछ र नम्बर कायम भएका आवेदकहरूलाई मात्र योग्यता क्रमको सूचीमा समावेश गरिनेछ।

(ग) सम्बन्धित परिषद्, प्रदेश कार्यालयले उपरोक्त विधिबाट नतिजा तयार गरी उच्चतम अङ्कको आधारमा आवेदकले प्राथमिकीकरण गरेको शिक्षालय अनुसार नतिजा प्रकाशन गरी भर्नाका लागि सिफारिस गरी परिषद्, प्रदेश कार्यालय, परीक्षा नियन्त्रण कार्यालय र परिषद्को वेबसाइटमा प्रकाशन गरिनेछ।

(घ) वर्गीकृत (निःशुल्क) छात्रवृत्ति कोटाहरूमा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बमोजिम मात्र भर्ना सिफारिस तथा भर्ना गर्नुपर्नेछ। अनियमित तरिकाले सिफारिस तथा भर्ना गरेको पाइएमा भर्ना सम्बन्धी निर्देशिका तथा परिषद्को ऐन, नियमावली र विनियमावली बमोजिम कारबाही हुनेछ।

७. **छनोट प्रक्रिया सम्बन्धी व्यवस्था:**

एस.ई.ई परीक्षामा प्राप्त औषत ग्रेड प्वाइन्ट (GPA) को आधारमा हुन आउने अङ्क र सरकारी वा सामुदायिक विद्यालय परिषद्का आङ्गिक शिक्षालयहरूबाट एस.ई.ई. वा एस.एल.सी. वा प्रि-डिप्लोमा तह उत्तीर्णलाई थप अङ्कभार बापत १ अङ्क जोडी उच्च अङ्क प्राप्त गर्ने उम्मेदवारको योग्यता क्रम सूची निर्धारण गर्नुपर्नेछ। अक्षराङ्कन पद्दति लागू हुनुभन्दा अगाडिको एस.एल.सी. परीक्षाको प्राप्ताङ्कलाई औषत ग्रेड प्वाइन्टमा रूपान्तरण गरी आवेदकको योग्यता क्रम सूची निर्धारण गर्नुपर्नेछ।

| क्र.सं. | उपलब्धि प्रतिशत | स्तरिकृत अङ्क | अक्षरमा उपलब्धि स्तर | उपलब्धि स्तरको व्याख्या |
|---|---|---|---|---|
| १ | ९० र सो भन्दा माथि | ४.० | A+ | सर्वोत्तम (Outstanding) |
| २ | ८० र सो भन्दा माथि ९० भन्दा कम | ३.६ | A | अतिउत्तम (Excellent) |
| ३ | ७० र सो भन्दा माथि ८० भन्दा कम | ३.२ | B+ | उत्कृष्ट (Very Good) |
| ४ | ६० र सो भन्दा माथि ७० भन्दा कम | २.८ | B | उत्तम (Good) |
| ५ | ५० र सो भन्दा माथि ६० भन्दा कम | २.४ | C+ | सन्तोषजनक (Satisfactory) |
| ६ | ४० र सो भन्दा माथि ५० भन्दा कम | २.० | C | ग्राह्य (Acceptable) |
| ७ | ३५ र सो भन्दा माथि ४० भन्दा कम | १.६ | D | आधारभूत (Basic) |
| ८ | ३५ भन्दा कम | - | NG | अवर्गीकृत (Not Graded) |

(१) एस.एल.सी./एस.ई.ई.को नतिजा पनि बराबर भएमा एस.एल.सी./एस.ई.ई.परीक्षाको क्रमशः अनिवार्य गणित, विज्ञान र अङ्ग्रेजीको Final Grade को आधारमा योग्यता क्रम प्रकाशित गरिनेछ।

(२) यसो गर्दा अङ्क बराबर भएमा पिछडिएको दूर्गम क्षेत्रबाट एस.एल.सी. वा एस.ई.ई. उत्तीर्ण भएका उम्मेदवारलाई प्राथमिकता दिइनेछ। सो गर्दा पनि बराबर भएमा जन्म मितिलाई आधार मानी बढी उमेर भएकालाई प्राथमिकता दिइनेछ।

(३) अनलाइन आवेदन फाराम भर्दा एस.ई.ई. मा अक्षराङ्कन पद्धति लागू भएपछिको हकमा गणित, विज्ञान र अङ्ग्रेजीको Grade Point Entry गर्नुपर्छ भने अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा एस.एल.सीका सवै विषयको प्राप्तांक Entry गर्नु पर्नेछ।

(४) अक्षराङ्कन पद्धति लागू हुन पूर्वको हकमा GPA गणना गर्न निम्न बमोजिमको सूत्र प्रयोग गरिनेछ।

$$GPA = \frac{\sum(Grade\ Point \times Credit\ Hour)}{Total\ credit\ hour\ of\ the\ Grade}$$

(५) प्रि-डिप्लोमा र डिप्लोमा तथा प्रमाणपत्र तहको वर्गीकृत (निःशुल्क) छात्रवृत्ति तर्फका कार्यक्रमहरूमा प्रशिक्षार्थी भर्नाका लागि सिफारिस गर्न परिषद्, प्रदेश कार्यालयमा देहाय बमोजिमको उप-समिति रहनेछ।

क) सम्बन्धित परिषद्, प्रदेश निर्देशक - संयोजक

ख) सम्बन्धित प्रदेशको शिक्षा हेर्ने मन्त्रालयले तोकेको अधिकृत स्तरको कर्मचारी प्रतिनिधि - सदस्य

ग) सम्बन्धित प्रदेश निर्देशकले तोकेको अधिकृत स्तरको कर्मचारी १ जना - सदस्य सचिव

(अ) Online आवेदन फारामहरू रुजु गरी योग्यता क्रम सूची तयार गर्न उप-समितिले अधिकृत स्तरको कर्मचारीको संयोजकत्वमा सूचना प्रविधि हेर्ने कर्मचारी सहित बढीमा ७ जनाको कार्यटोली गठन गर्नेछ। सम्पूर्ण कार्यक्रमहरूको आवेदकहरूको योग्यता क्रम प्रकाशन गरी भर्नाका लागि शिक्षण संस्था सहितको सिफारिस सम्बन्धित परिषद्, प्रदेश कार्यालयबाट हुनेछ।

(आ) कार्यटोलीले कार्यक्रम र कोटागत रूपमा तोकिएको ढाँचामा तयार गरी योग्यता क्रम सूची यकिन गरी कार्यक्रमहरूमा भर्नाका लागि सिफारिस, उत्तीर्ण सूची र रद्द सूची सहित नतिजा प्रकाशन गर्नेछ।

(इ) परिषद्, प्रदेश कार्यालयहरूमा योग्यता क्रम प्रकाशन तथा भर्ना सिफारिसका लागि गठन हुने कार्य टोलीको काम, कर्तब्य र अधिकार भर्ना सम्बन्धी निर्देशिकाको दफा १७ मा उल्लेख भए बमोजिम हुनेछ।

८. **भर्ना सिफारिस, नतिजा प्रकाशन तथा भर्ना सम्वन्धमा :**

(क) योग्यता क्रम तथा शिक्षण संस्था सहितको भर्ना सिफारिस तथा नतिजा प्रकाशन सम्बन्धित परिषद्, प्रदेश कार्यालयहरूले गर्नेछन्। प्रकाशित नतिजा सम्बन्धित परिषद्, प्रदेश कार्यालयको वेबसाइटमा र प.नि.का.को वेबसाइट **www.ctevtexam.org.np** मा नतिजा राखिनेछन्। नतिजा प्रकाशन भएको १० दिन भित्रमा परीक्षार्थीहरूले Online Application Acceptance Card, Website मा प्रकाशित नतिजा विवरण, शैक्षिक योग्यताका प्रमाणपत्रहरू, नागरिकता प्रमाणपत्र/जन्म दर्ता प्रमाणपत्रहरूका सक्कल प्रति लिई सिफारिस भएको शिक्षालयमा भर्ना हुन जानुपर्नेछ।

(ख) सिट रिक्त भएको खण्डमा उत्तीर्ण सूचीमा रहेका परीक्षार्थीहरूबाट शिक्षालयहरूमा मुख्य आवेदकको रूपमा सिफारिस हुनसक्ने भएकोले सम्बन्धित परिषद्, प्रदेश कार्यालयहरूको सूचनाहरू हेर्नुहुन र सम्पर्क गरी जानकारी लिनुहुन अनुरोध गरिन्छ।

९. **अन्य जानकारीहरू :**

(क) परीक्षार्थीले भर्ना हुँदाका बखत पाठ्यक्रमले तोके बमोजिम अध्ययन अवधीभर सैद्धान्तिक तथा प्रयोगात्मक कक्षामा उपस्थित हुने अनुसूची ११ मा उल्लिखित स्वघोषणा गरेको कबुलियतनामा पेश गर्नुपर्नेछ।

(ख) छात्रवृत्तिको योग्यता क्रम सूचीमा रहेका विद्यार्थी पूर्ण शुल्किय कोटामा भर्ना भई रजिस्ट्रेसन कायम भए पश्चात् छात्रवृत्ति कोटा रिक्त रहेता पनि छात्रवृत्तिमा स्थानान्तरण गरिनेछैन।

**नोट**ः यस सूचनामा समावेश हुन नसकेका भर्ना सम्बन्धी प्रावधानहरू परिषद्को ऐन, नियम, विनियम तथा परिषद् प.नि.का. द्वारा जारी गरिएको "डिप्लोमा तथा प्रमाणपत्र तहमा प्रशिक्षार्थी छनोट, छात्रवृत्ति वितरण तथा भर्ना सम्बन्धी निर्देशिका, २०८२ बमोजिम हुनेछ।

**विशेष अनुरोध**ः आवेदन फाराम भर्ने विद्यार्थी, अभिभावक तथा कार्यक्रम सञ्चालन गर्ने शिक्षालयहरूले उल्लिखित निर्देशिका **www.ctevtexam.org.np** बाट डाउनलोड गरी अनिवार्य रूपमा अध्ययन गर्नुहुन सूचित एवं अनुरोध गरिन्छ। विद्यार्थीलाई योग्यता क्रम सूचीमा पारी अध्ययनको अवसर प्रदान गराइदिन्छु भनी झुट्टा आश्वासन तथा भ्रम पैदा गराई कोही कसैले अनुचित प्रभाव पार्न चाहेमा त्यसप्रति पूर्ण सचेत रही भर्ना प्रक्रिया मर्यादित एवं निष्पक्ष रूपमा सञ्चालन गर्न/गराउन सम्बन्धित विद्यार्थी, अभिभावक र सरोकारवालाहरूमा हार्दिक अनुरोध गरिन्छ। साथै अन्य जानकारी आवश्यक परेमा परिषद्का प्रदेश कार्यालयहरू इटहरी, जनकपुर, हेटौंडा, पोखरा, दाङ, वीरेन्द्रनगर, धनगढी र परीक्षा नियन्त्रण कार्यालय, सानोठिमी, भक्तपुरमा सम्पर्क राख्नुहुन सूचित गरिन्छ।

**यो सूचना www.ctevtexam.org.np मा पनि हेर्न सकिनेछ।**

**परीक्षा नियन्त्रक**